# ७ बिगतको समयमा गरेको पापले गर्दा पाएको सजायँ

*<u>यस अध्यायका मूल पदहरू:</u>* अय्यूब ८:१-२२, अय्यूब ११:१-२०, यशैया ४०:१२-१४, उत्पत्ति ६:५-८ र २ पत्रुस ३:५-७।

*<u>यस अध्यायको स्मरण गर्नुपर्ने मूल सार पद:</u>* **"परमेश्वरका रहस्यहरू कति गहिरो छ भनेर के तपाईंलाई थाहा छ? के सर्वशक्तिमन परमेश्वरको ज्ञानका सिमानाहरू तपाईंले पत्ता लगाउन सक्नुहुन्छ?" (अय्यूब ११:७ रूपान्तरित)।**

निःसन्देह मानव जातमा आइपर्ने अनेकौं दुःख, व्यथा र पीडाका समस्याहरूले मानिसहरूमा निरन्तररूपमा पिरोलिरहेको छ। असल मानिसहरूले अनेकौं कष्ट दुःख भोगेको र खराब तथा आतङ्क मच्चाउने मानिसहरूले दण्ड भोगि नबसेको मात्र पाउँदैनौं तिनीहरूले इनाम पनि पाइरहेको हामीलाई थाहा छ। केही वर्ष अघि एक जना लेखकले *असल मानिसहरूलाई खराब कुराहरू किन आइपर्छन्?* भन्ने पुस्तक लेखेका थिए। त्यस समस्याको समाधान संतुष्टरूपमा पाउन त्यस पुस्तकले प्रयास गर्न खोजेको थियो। तर जतिसुकै तर्कहरू प्रस्तुत गरेतापनि असल मानिसहरू किन दुःख पाउँछन् भन्ने प्रश्नको जवाफ चित्तबुझ्दो तरिकाले त्यस पुस्तकले व्याख्या गर्न सकेको थिएन। हजारौं वर्षसम्म धेरै बुद्धिजिवि र लेखकहरूले मानव कष्टको बारेमा लेख्न संघर्ष गरेका थिए। तिनीहरू कसैले पनि उचित जवाफ भेट्टाउन नसकेको पाइएको छ।

अय्यूबको पुस्तकको मूल विषयबस्तु नै मानव कष्ट र पीडा हो। अय्यूब जस्तो असल मानिस पनि यस संसारमा किन दुःख,कष्ट र पीडा भोग्नुपर्छ भन्ने विषयबस्तुलाई अध्ययन गर्न यस अध्यायमा निरन्तर जारि राख्नेछौं। मानव पीडाको बारेमा अरू मानिसहरूले लेखेका पुस्तकहरू र अय्यूबमा धेरै महत्त्वपूर्ण भिन्नता हामी पाउँछौं। अरू पुस्तकहरूमा मानिसहरू किन दुःख पाउँछन् भन्ने प्रश्नको जवाफ मानिसले बुझेको अनुसार जवाफ दिन खोज्छन् (हुनतः अय्यूबको पुस्तकमा पनि त्यसबारे धेरै मानव तर्कहरू भएको पाउँछौं)। तर मानिस किन दुःख पाउँछन् भन्ने प्रश्नको जवाफ मानिसले बुझेको अनुसार जवाफमा होइन तर परमेश्वरले बुझेको अनुसारको जवाफमा पाइएको अय्यूबको पुस्तकले देखाउँदछ।

यस अध्यायमा अय्यूबको दुःखलाई सान्त्वना दिन  आउने मानिसहरूले अझ धेरै भाषणहरू छाँटेका हामी पढ्नेछौं। दुःखकष्ट पीडाको मामिलामा ती मानिसहरूले व्याख्या गर्न खोजेका गलत धारणाहरूबाट हामी के सिक्न  सक्छौं भनेर यस अध्यायमा हेर्नेछौं।

## १. अझ धेरै मुटु छेड्ने परिवर्तित वचनहरू (अय्यूब ८:१-२२)

एलिपजबाट अय्यूबले गाली खानु त नराम्रो नै थियो। तर अय्यूबको अर्को मित्र बिल्ददबाट पनि उनको अबस्थालाई लिएर गाली खानु परेको थियो। बिल्ददले भनेका कुराहरू प्रायजसो एलिपजले भनेका जस्तै थिए। तर एलिपज भन्दा बिल्ददबाट अय्यूबले झन रूखो बचनहरू खप्नुपरेको थियो। आफ्ना छोराछोरीहरू गुमाएर सन्तापमा परेको मानिसलाई कसैले गएर "तिम्रो छोराछोरीहरूले परमेश्वरको बिरुद्धमा पाप गऱ्यो त्यसकारण उहाँले तिनीहरूको पापको कारण सजायँ दिएका हुन्।" (अय्यूब ८:४ रूपान्तरित) भनेर बोल्यो भने उसलाई कस्तो हुन्छ होला? के तपाईंले कल्पना गर्न सक्नुहुन्छ?

बिल्ददका वचनहरू अलमल पार्ने खालका छन् किनभने अय्यूबले आफ्ना छोराछोरीहरूको निम्ति बलिपूजा गर्दथे भनेर अय्यूब १:५मा स्पष्ट तरिकाले उल्लेख गरेको छ। ती छोराछोरीहरूले नराम्रो काम गऱ्यो होला भनेर तिनीहरूको निम्ति अय्यूबले पूजा पाठ गर्दथे। अय्यूबको अनुग्रही काम र बिल्ददका सुरूका वचनहरूको बीचमा धेरै अन्तर भएको हामी पाउँछौं। धार्मिक रितिथिति तथा परम्पराहरू पालन नगरेकोले अय्यूबका छोराछोरीहरू मरेको हुनुपर्छ जसले गर्दा तिनीहरूले परमेश्वरको बिरुद्धमा पाप गरेको हुनसक्छ भन्ने रूखो वचन बिल्दलको थियो। आफ्नै पापका कारण तिनीहरू मरेको उचितै थियो भन्ने बिल्ददको धारणा थियो। अझ झन नराम्रो कुरो त बिल्ददले आफू धर्मात्माको पगरी ओढेर परमेश्वरको चरित्रको पक्षमा बोलेको भनेर आभास् दिन खोजेको थियो।

अय्यूब ८:१-२२मा बिल्ददको तर्क के थियो। उनले भनेका कुरामा कतिको सत्यता छ? उनले भनेका वचनहरूको अर्थलाई भुलेर उनको भावनाहरूलाई मात्र बुझ्न खोजे कस्तो होला? उनका वचनहरू किन त्रुटिपूर्ण छन्? हेर्नुहोस् "१ तब बिल्दद शुहीले यसो भन्न सुरु गरेः २ “तपाईंले कहिलेसम्म यस्तो कुरा गरिरहनुहुन्छ? तपाईंका वचनहरू गर्जने हावा मात्र हुन्। ३ के परमेश्वरले न्यायलाई भ्रष्ट पार्नुहुन्छ?  के सर्वशक्तिमान्ले इन्साफलाई भ्रष्ट गर्नुहुन्छ ४ जब तपाईंका छोराछोरीले उहाँको विरुद्धमा पाप

गरे, उहाँले तिनीहरूलाई तिनीहरूकै पापका शिकार बनाउनुभयो। ५ अब यदि
तपाईंले परमेश्वरलाई यत्नपूर्वक खोज्नुभयो भने, र सर्वशक्तिमान्‌को निगाहको
निम्ति बिन्ती गर्नुभयो भने, ६ यदि तपाईं निर्दोष र सोझो हुनुहुन्छ भने, निश्चय
नै तपाईंको पक्षमा उहाँ उठ्नुहुनेछ, र उहाँले तपाईंको घर पुनर्निर्माण
गरिदिनुहुनेछ। ७ तपाईंको सुरुको अवस्थाहरू निम्न देखिनेछन्, त्यसरी
तपाईंको अन्त अति महान् हुनेछ। ८ अघिका पुस्तालाई सोध्नुहोस्, अनि
तिनीहरूका पुर्खाहरूका अनुभवलाई विचार गर्नुहोस्। ९ किनभने हामी त हिजो
मात्र जन्मेका हौं, अनि हामी केही पनि जान्दैनौं। र पृथ्वीमा हाम्रो दिन ता
छायाजस्तो मात्र छ। १० के ती तपाईंलाई सिकाउँदैनन्, र तिनले तपाईंलाई
भन्दैनन् र? र तिनका हृदयका ज्ञानको कुरा पोखाउँदैनन् ११ के सिमसार
नभएको ठाउँमा काँस-नर्कट अल्गा हुन्छन्? के निगालाहरू पानीविना लहलह
बढ्न सक्छन्? १२ तिनीहरू बढ्दै गरेको अवस्थामा र काट्न तयार नभएकै
समयमा घाँसभन्दा चाँड़ै नै ओइलाइहाल्छन्। १३ परमेश्वरलाई बिर्सनेको दशा
पनि त्यस्तै हुन्छ, ईश्वरहीन मानिसहरूको आशा यसरी नष्ट हुन्छ। १४
त्यसको भरोसा पातलो धागोजस्तै हुन्छ, त्यसको आशाको जग माकुरोको
जालजस्तै हुन्छ। १५ त्यो आफ्नो जालमा अड़ेस लाग्छ, तर त्यसले उसलाई
थाम्न सक्दैन। उसले त्यसलाई अँठ्याएर समाते तापनि त्यो स्थिर रहँदैन।
१६ घाम पाएर पानीले रसिलो भई बढ़ेको बिरुवाजस्तो त्यो हुन्छ, र त्यसका
पालुवाहरू बारीमा झाँगिएर जान्छन्, १७ त्यसका जराले ढुङ्गाका थुप्रोलाई
बेहर्छ र ढुङ्गाका बीचमा स्थान खोज्छ। १८ तर जब कसैले त्यसलाई त्यसको
ठाउँबाट जरैसमेत उखेल्छ, र त्यस ठाउँले त्यसलाई इन्कार गरेर यसो भन्छ,
'मैले तँलाई कहिल्यै चिनेको थिइनँ'। १९ त्यसरी नै त्यसको जीवन ओइलाएर
जान्छ, र अरू बोटहरू जमिनबाट उम्रेर निस्कन्छन्। २० "यो निश्चय
जान्नुहोस्, निर्दोष मानिसलाई परमेश्वर इन्कार गर्नुहुन्न, न ता उहाँले दुष्ट
काम गर्नेहरूको हातलाई बलियो पार्नुहुन्छ। २१ तापनि उहाँले तपाईंको
मुखमा हाँसो र रमाहटको ठूलो सोरले तपाईंको ओठ भरिदिनुहुनेछ। २२
तपाईंका शत्रुहरू शर्ममा पर्नेछन्, र दुष्टहरूका पाल लोप हुनेछन्।"

यथार्थमा भन्ने हो भने बिल्ददका उपरोक्त वचनहरू के त्रुटिपूर्ण नै थिए त? उनले भन्छन् "हुन त हामी हिजोमात्र जन्मेका हौं। हामीलाई धेरै कुराहरू थाहा छैन। यस संसारमा हामीहरूको जिन्दगी बिलाएर जाने छायाँ जस्तो मात्र हो।" (अय्यूब ८:९ रूपान्तरित) । उनले बोलेका वचनहरूमा सत्यता छ, प्रभावकारी छ र बाइबलकै निति अनुसार उनले बोलेका हुन्

(याकूब ४:१४)। त्यसकारण उनले दिएको चेतावनीमा के नराम्रो कुरा थियो र? परमेश्वरलाई विश्वास नगर्ने नास्तिकले यस संसारका जुन् थोकहरूमा विश्वास र भरोसा राख्छ उसले माकुराको जालोमा भन्दा बलियो तत्वमा भरोसा राखेको हुँदैन (अय्यूब ८:१४)। यो भन्दा बलियो बाइबलको निति अरू के होला?

तर बिल्ददको सबभन्दा ठूलो समस्या भनेको उनले परमेश्वरको चरित्रको केवल एक भागमात्र समावेश गरेर बोलेका थिए। उदाहरणमा, कसैले परमेश्वरको विधिबिधान वा दश आज्ञाहरू, न्यायप्रणाली र उहाँको आज्ञा पालन गर्ने बिषयमा मात्र चर्चा गर्छन् भने कसैले उहाँको अनुग्रह र क्षमाशीलताको बारेमा मात्र चर्चा गरेको हुन्छ। परमेश्वरको चरित्रको कुरा गर्दा एउटा पक्षमा मात्र धेरै बोल्ने र अर्को पक्षको वास्ता नगर्नेले गर्दा परमेश्वरको र सत्यको बारेमा प्रायजसो गलत चित्रण गर्नेतिर धकेल्न सक्छ। यो बिल्ददको समस्या थियो।

**जब अरूसँग हामी परमेश्वरको बारेमा चर्चा गर्छौं तब हामीले विश्वास गरेको अनुसार दस आज्ञाका नितिहरू र अनुग्रहलाई संतुलित राखेर बोल्नुपर्छ। अरू मानिसको गलत कोट्याउने प्रयासमा यदि हामीले दश आज्ञाको पक्षमा मात्रै बोल्ने वा अनुग्रहको पक्षमामात्र बोल्ने बानी हुँदा हामीले पनि भुल गरिरहेको अनुभव गर्नुपर्छ। हामी ती दुवै पक्षहरूलाई संतुलनमा राखेर बोल्दा के उत्तम हुँदैन र? किन?**

## २. तपाईंले गर्नुभएको पाप तथा अधर्म भन्दा कम दण्ड भोग्नु (अय्यूब ११:१-१०)

“परमेश्वरका गहिरा रहस्यहरू के तपाईंलाई थाहा छ? परमशक्तिमान परमेश्वरको ज्ञानका सिमानाहरूलाई के तपाईंले भेट्टाउन सक्नुहुन्छ? तिनीहरू आकाश वा जगतहरू भन्दा अति उच्च छन्। तपाँईले के गर्न सक्नुहुन्छ र? तिनीहरू अत्यन्त गहिरो चिहानभन्दा गहिरो छन्। तपाईंलाई के थाहा छ र? तिनीहरू पृथ्वीभन्दा लामो छ। तिनीहरू सागर भन्दा चौडा छन् (अय्यूब ११:७-९) (यही सन्दर्भमा यशैयाले यशैया ४०:१२-१४मा पनि यसरी व्यक्त गर्दछन्: “१२ कसले पानीलाई आफ्नो अँजुलीमा अथवा आफ्नो बित्ताले आकाशलाई नापेको छ? कसले पृथ्वीको माटो डालोमा भरेको छ अथवा पर्वतहरू तराजूमा र डाँड़ाहरूलाई काँटामा जोखेको छ? १३ कसले परमप्रभुको मन बुझेको छ, अथवा उहाँको सल्लाहकार भएर

उहाँलाई शिक्षा दिएको छ? १४ बुद्धिको प्रकाशको निम्ति परमप्रभुले कससित सल्लाह लिनुभयो र कसले उहाँलाई ठीक बाटो सिकायो? कसले उहाँलाई ज्ञान सिकायो, अथवा समझको मार्ग देखायो? १५ जाति-जाति त बाल्टीनको एक थोपो पानीजस्तै छन्। तिनीहरू तराजूमा टाँसिएका धूलोजस्तै छन्। उहाँले त टापूहरूलाई मसिनो धूलोजस्तै जोख्नुहुन्छ। १६ वेदीका दाउराको निम्ति लेबनान प्रशस्त हुँदैन, न त त्यसमा भएका पशुहरू होमबलिको निम्ति प्रशस्त हुन्छन्। १७ सारा जातिहरू उहाँको सामुन्ने केही पनि होइनन्। उहाँले तिनीहरूलाई बेकामका र केही न केहीका ठान्नुहुन्छ।" माथिका पदहरूमा के सत्य कुराहरूलाई देखाइएका छन्? ती सत्यहरू हामीले सधैं सम्झिन किन जरुरत छ?

परमेश्वरको बारेमा हामीलाई कति कुरा थाहा छैन भनेर माथि व्यक्त गरेका सुन्दर शब्दहरूले व्यक्त गरेका छन्। परमेश्वरको बारेमा जतिसुकै आत्मज्ञान प्राप्त गरेको छु भनेर गौरब गरेतापनि वा सो प्राप्त गर्ने अथक प्रयास गरेतापनि केवल थोरैमात्र थाहा भएको हुनेरहेछ भनेर स्वीकार्नु अनिवार्य छ भनेर उपरोक्त पदहरूले खुलाएका छन्। बिसौं शताब्धीका धेरै दार्शनिकहरूमध्ये एक जना प्रख्यात दार्शनिक रिचार्ड रोर्टी हुन् जसको देहान्त भइसकेको छ। जीवन र सत्यको बारेमा हामीले कहिलै पनि बुझ्न सक्दैनौं भनेर उनले तर्क प्रस्तुत गरेका थिए। त्यसको अर्थ ती ज्ञानहरू थाहा पाउन प्रयास गर्न पनि हामीले त्यागनुपर्छ। जीवन आत्मज्ञानको खोजनिति गर्न प्रयास गर्नुभन्दा बरू जीवनका रहस्यहरूसँग जिउनुको बिकल्प छैन भन्ने उनको भनाई थियो। यो कस्तो रोचक कुरो छ! दुई हजार छब्बिस सय वर्षसम्म पश्चिम देशका बुद्धिजिवि तथा दार्शनिकहरूले उब्जाएका दर्शनहरूमा हार भएको स्वीकार गरिएको देखाइएको छ। हामीहरू रहेकै वास्तविक संसारको खोजनिति गर्दा गर्दै अन्धकारमा झन झन पसिन्छ भने हामीहरूको जीवनलाई अस्तित्व दिने परमेश्वरको बारेमा खोजेर झन के बुझ्न सकिन्थ्यो र? आफूले सृष्टि गरेका सबै जगतहरू र जीवनभन्दा परमेश्वर त झन महान् हुनुहुन्छ। बाइबलमा हामीले जे पढ्यौं त्यो कुरालाई दार्शनिक रोर्टीले वास्तविक रूपमा समर्थन गरेको हामी पाउँछौं।

यद्यपि अय्यूबको पुस्तकमा व्यक्त गरेका माथिका वचनहरू सोपरको मन्तव्य थियो। उनी अय्यूबका तिन मित्रहरूमा उनी तेस्रा थिए। अय्यूबलाई आरोप लगाउने मनशायले उनले ती तर्कहरू प्रस्तुत गरेका हुन्।

सोपरले जे भनिरहेका थिए ती ठिकै थियो भनेर हामीले के देख्छौं? तैपनि समुच्चरूपमा हेर्दा उनको तर्क किन त्रुटिपूर्ण थियो? हेर्नुहोस् अय्यूब ११:१-२० "१ सोपर नमातीले उत्तर दिए: २ “के यो कुराको जवाफ नदिने? के यो बकबकेलाई समर्थन गर्ने? ३ के तपाईंको नटुँङ्गिने कुराले मानिसलाई मौन बनाउँछ? के तपाईंले ठट्टा गर्दा कसैले तपाईंलाई नहप्काउने? ४ ‘मेरा विचार ठीकै छन् र तपाईंको दृष्टिमा म चोखो छु’ भनी तपाईं परमेश्वरलाई भन्नुहुन्छ। ५ परमेश्वर बोलून्, उहाँले आफ्नो मुख तपाईंको विरुद्धमा खोलून् भन्ने मेरो कस्तो चाहना छ। ६ अनि तपाईंका बुद्धिका रहस्यहरू खोलिदिऊन्। किनकि सत्य बुद्धिका दुई पक्ष छन्। यो जान्नुहोस् परमेश्वरले तपाईंका कति वटा पाप भुलिसक्नुभएको छ। ७ “के तपाईं परमेश्वरको रहस्यको गहिराइलाई बुझ्न सक्नुहुन्छ? के तपाईं सर्वशक्तिमान्को सीमालाई जाँच्न सक्नुहुन्छ? ८ त्यो त स्वर्गभन्दा अल्गो छ, तपाईं के गर्न सक्नुहुन्छ? त्यो ता चिहानभन्दा गहिरो छ, तपाईं के जान्न सक्नुहुन्छ ९ त्यसको नाप पृथ्वीभन्दा लामो छ, र समुद्रभन्दा चौड़ा छ। १० “उहाँ आउनुभई तपाईंलाई बन्दीगृहमा राख्नुभयो, र अदालत बोलाउनु भयो भने, कसले उहाँको विरोध गर्न सक्छ ११ कुन-कुन मानिस झूटा छन् उहाँले निश्चय जान्नुहुन्छ, अनि उहाँले अधर्म देख्नुभयो भने, के उहाँले त्यसको लेखा राख्नुहुन्न? १२ तर मूर्ख मानिस बुद्धिमान् हुन सक्दैन, जसरी वन-गधाको बछेड़ा मान्छे भएर जन्मन सक्दैन। १३ “तर पनि तपाईंले आफ्नो हृदय ठीक बाटोमा लगाउनुभो, र आफ्ना हात उहाँतिर पसार्नुभो, १४ तपाईंको हातमा भएको पाप दूर गर्नुभयो भने, र कुनै अधर्मलाई तपाईंको घरमा बस्न दिनुभएन भने, १५ तब कुनै शर्मविना तपाईंले आफ्नो शिर खड़ा गर्नुहुनेछ, तपाईं डरविना स्थिर मानिस हुनुहुनेछ। १६ तब तपाईंले आफ्नो दुःख बिर्सनुहुनेछ। बगेर गएको पानीझैं त्यो तपाईंले सम्झनुहुनेछ। १७ जीवन मध्यदिनभन्दा उज्यालो हुनेछ, र अन्धकारचाहिं बिहानमा परिवर्तन हुनेछ। १८ आशा भएको हुनाले तपाईं सुरक्षित हुनुहुनेछ। तपाईंले चारैतिर हेर्नुहुनेछ, र निर्धक्क सुत्नुहुनेछ।१९ तपाईं कसैको डर नमानी पल्टनुहुनेछ, र धेरै मानिसहरूले तपाईंको निगाह प्राप्त गर्न खोज्नेछन्। २० तर दुष्टहरूका आँखा बन्द हुनेछन्, भाग्ने बाटोहरू तिनीहरूका निम्ति बन्द हुनेछन्, र तिनीहरूको आशा अन्तिम सुस्केरा हुनेछ।”

अत्यन्त दुःखपीडा भोगिरहेका अय्यूबको सामु कोही आएर यस्तो भन्ने आँट कहाँबाट आयो भन्ने कुरा बुझ्न गाऱ्हो छः “तपाईंको पापको फल तपाईंले पाइरहनुभएको छ। अझ तपाईं त यो भन्दा अझ धेरै कष्ट पाउनुपर्ने थियो।"

एलिपज र बिल्ददको आगोमा झन सोपरले घिऊ थपिरहेका थिए। त्यो त झन नराम्रो थियो। अय्यूबलाई सान्त्वना दिनेको नाउँमा ती सबै साथीहरूले परमेश्वरको चरित्र र उहाँको गुणको पक्षमा वकालत गरिरहेका थिए।

**परमेश्वरको चरित्रको बारेमा हामीलाई थाहा छ भन्दैमा कतिपय समयमा उहाँको असली गुण प्रस्तुत गर्न सक्षम् छौं भन्ने छैन। परमेश्वरको चरित्रलाई देखाउनु नै छ भने अझ हामीलाई के कुराहरू थाहा पाउनुपर्छ?**

## ३. गलत काम गरेकोमा परमेश्वरको दण्ड (उत्पत्ति ६:५-८) ६६

अय्यूबका तिन मित्रहरूलाई परमेश्वरको बारेमा केही नकेही थाहा थियो भन्ने कुरामा कुनै शङ्का छैन। परमेश्वरको पक्षमा तिनीहरूले बोल्न प्रयास गर्दा तिनीहरूले मनासिबै ठानेका थिए भन्ने कुरामा असहमती त छैन। अय्यूबको परिस्थितिको बारेमा तिनीहरूको ज्ञान र भावना त्रुटिपूर्ण थिए पनि भन्न सकिन्छ। तर ती मानिसहरूले बोलेका वचनहरूमा केही महत्त्वपूर्ण सत्यहरू भएको हामीले स्वीकार्नै पर्छ।

परमेश्वर न्यायको परमेश्वर, दुष्ट तथा खराब मानिसलाई परमेश्वर उचित दण्ड दिनुहुन्छ र असल मानिसहरूलाई बिशेष आशिर्वाद दिनुहुन्छ भन्ने अय्यूबका ती मित्रहरूको जिकिर थियो। ती मानिसहरू कहाँ बस्दथे भनेर हामीलाई खासै थाहा त छैन। तर जब मोशा मिडान भन्ने क्षेत्रमा रहेका थिए त्यसबेला अय्यूबको पुस्तक लेखेका थिए भनेर स्वीकार्दछौं। त्यसकारण ती मानिसहरू प्रस्थानको पुस्तकमा भएका गतिबिधि भन्दा पहिले नै हुनुपर्छ भनेर हामी सोच्दछौं। तिनीहरू जलप्रलय पछि रहेका मानिसहरू हुन् भनेर पनि हामी विश्वास गर्दछौं।

अय्यूबका ती तिन जना साथीहरू-एलिपज, बिल्दद र सोपरहरूलाई जलप्रलयको बारेमा कतिको थाहा थियो भन्ने कुरामा हामीलाई जानकारी छैन। तर तिनीहरूलाई थाहा नै थियो रे! त्यसले गर्दा सत्य परमेश्वरको बारेमा तिनीहरूको ज्ञानलाई कसरी प्रभाव पारेको थियो भनेर उत्पत्ति ६:५-८ले कसरी बताउँछ? हेर्नुहोस्ः "५ पृथ्वीमा मानिसहरूको दुष्टता बढ़ी भएको र तिनीहरूका हृदयका विचारको जुनसुकै पनि भावना निरन्तर खराबै मात्र भएको परमप्रभुले देख्नुभयो। ६ पृथ्वीमा मानिसलाई बनाउनुभएकोमा परमप्रभुले अफसोस गर्नुभयो, र उहाँ मनमा साह्रै दुःखित हुनुभयो। ७ त्यसकारण परमप्रभुले भन्नुभयो, "मैले सृष्टि गरेको मानिसलाई पृथ्वीबाट म मेटिदिनेछु– के

मानिस, के घस्रने जन्तु, के आकाशका पन्क्षी सबैलाई– किनभने ती बनाएकोमा मलाई दुःख लागेको छ। ८ तर नोआमाथि चाहिँ परमप्रभुको अनुग्रह भयो।"

पापको उचित दण्डको स्पष्ट उदाहरण जलप्रलयको कथाले देखाउँदछ। पापको दलदलमा रमाएर दुष्ट भएर बसेका मानिसहरूले परमेश्वरबाट सिधै उचित दण्ड पाएका थिए। यस सन्दर्भमा एलेन जी ह्वाइटले लेख्नुहुन्छ "प्रत्येक पल्ट नोआले जहाजको निर्माण गर्न हथौडा ठोक्थ्यो त्यसको आवाजले मानिसहरूलाई परमेश्वरको सन्देश सुनाइरहेको थियो।"- द स्पिरिट अभ प्रोफेसी, ठेली १, पृ. ७०बाट रूपान्तरित। जे भएतापनि नोआको कथाको ज्ञानको (जलप्रलयबाट पृथ्वी ध्वस्त भएको) प्रभावले गर्दा अय्यूबका मित्रहरूले उनलाई प्रवचन दिन उचित ठानेका थिए भनेर हामी अनुमान गर्न सक्छौं।

उत्पत्तिको पुस्तकको देहायका पदहरूले दुष्ट मानिस परमेश्वरको दण्डको भागिदार हुन्छ भन्ने समान धारणा कसरी खुलाउँछ? हेर्नुहोस्, उत्पत्ति १३:१३ "सदोमका मानिसहरू दुष्ट थिए, र परमप्रभुको विरुद्धमा साह्रै पाप गर्थे।", उत्पत्ति १८:२०-३२ "२० तब परमप्रभुले भन्नुभयो, “सदोम र गमोराको विरुद्धमा ठूलो आवाज उठेको छ, र तिनीहरूका पाप साह्रै ज्यादा भएका छन्। २१ अब त्यही आवाजअनुसार तिनीहरूबाट यो काम भएको हो कि होइन भनी हेर्नलाई म तल ओर्लेर जानेछु। होइन रहेछ भने मलाई थाहा हुनेछ।” २२ यसकारण ती पुरुषहरू त्यहाँबाट झरेर सदोमतिर गए। तर अब्राहामचाहिँ अझै परमप्रभुकै सामु उभिरहे। २३ तब अब्राहामले नजिक गएर उहाँलाई भने, ‘के दुष्टहरूसँग धर्मीहरूलाई पनि सर्वनाश गर्नुहुनेछ? २४ त्यस सहरमा पचास धर्मी जन रहेछन् भने, के त्यसमा भएका पचास धर्मी जनका निम्ति त्यस सहरलाई नजोगाएर नष्ट पार्नुहुनेछ र? २५ दुष्टका साथमा धर्मी जनलाई मार्ने काम तपाईंबाट कहिल्यै नहोस्। धर्मीको दशा पनि दुष्टको जस्तै हुनु त तपाईंबाट पर रहोस्। सारा पृथ्वीका न्यायकर्ताले उचित न्याय गर्नुहुन्न र?” २६ परमप्रभुले भन्नुभयो, “सदोम सहरभित्र पचास धर्मी जन पाएँ भने म तिनीहरूका खातिर जम्मैलाई छोड़िदिनेछु।” २७ अब्राहामले भने, “हेर्नुहोस्, म केवल माटो र खरानी मात्र भएर पनि परमप्रभुसँग कुरा गर्न आँट गरेको छु। २८ पाँच कम पचास जना धर्मी जन त्यहाँ रहेछन् भने, केवल पाँच मात्र घटी भएकामा सारा सहरै तपाईं नाश गर्नुहुनेछ?” उहाँले भन्नुभयो, “त्यहाँ पैंतालीस पाएँ भने म त्यो नाश गर्नेछैनँ।” फेरि तिनले भने, “त्यहाँ चालीस रहेछन् भने?” २९ उहाँले भन्नुभयो, “चालीस जनाका खातिर पनि म त्यसो गर्नेछैनँ।” ३० तब तिनले भने, “परमप्रभुलाई रिसानी नभए म अझै बोल्नेछु। यदि त्यहाँ तीस

जना पाइए भने?" उहाँले भन्नुभयो, "त्यहाँ तीसै पाएँ भने पनि म त्यसो गर्नेछैनँ।" ३१ तिनले भने, "हेर्नुहोस्, परमप्रभुसँग मैले कुरा गर्ने आँट गरिरहेछु। बीस जना पाइए भने?" उहाँले भन्नुभयो, "बीस जनाका खातिर पनि म नाश गर्नेछैनँ।" ३२ अनि तिनले भने, "परमप्रभुलाई रिसानी नहोस्। अब एक पल्ट मात्र बोल्नेछु। यदि त्यहाँ दश जना पाइए भने?" उहाँले भन्नुभयो, "दश जनाका खातिरमा पनि म त्यो नाश गर्नेछैनँ।"

एलिपज, बिल्दद र सोपरलाई सोडोम र गमोरामाथि परमेश्वरले ल्याउनुभएको दण्डको बारेमा कति थाहा थियो त्यो थाहा दिइएको छैन। तर परमेश्वरको सामु दुष्टप्रति कस्तो आक्रोस पोखाउनुहुन्छ भनेर सोडोम र गमोराको कथाले देखाउँछ (ती शहरहरूलाई स्वर्गबाट आगो बर्षाएर नाश गर्नुभएको थियो)। न त मानिसहरूलाई पापले सधैं नाश गरिरहुन् भनेर टुलुटुलु हेरिरहनुहुनेछ। जलप्रलयको कथामा जस्तै ती शहरलाई नाश गर्न परमेश्वर सिधै समावेश हुनुभएको थियो। दुष्ट, पाप र खराबलाई उचित दण्ड दिने परमेश्वर न्यायमूर्ती हुनुहुन्छ।

**परमेश्वरको प्रेम, अनुग्रह र क्षमाशीलताको बारेमामात्र चर्चा गर्न हामीलाई धेरै मनपर्छ। तर उहाँको न्याय कतिको वास्तविक रहेछ भनेर पनि हामीले कहिलै पनि किन बिर्सनुहुन्न? यस संसारमा भइरहेका अनगिन्ति दुष्ट, आतङ्कारी, खराब, भ्रष्टाचारीहरू दण्ड नपाई बाँचिरहेका मात्र होइन तिनीहरूले आदर सम्मान पाएर फुलिरहेका छन्। त्यसको बारेमा सोच्नुहोस्। तत्कालै नभएतापिन ती खराब तत्वहरूले परमेश्वरबाट उचित दण्ड पाउन आवश्यकता किन छ भनेर ती कथाहरूले (जलप्रलय र सोडोम गोमराको नाश) हामीहरूलाई कसरी देखाउँछ?**

## ४. यदि परमेश्वरले नयाँ कुराहरू सृष्टि गर्नुभयो भने (गन्ती १६:२८-३०)

**दुष्टता, पाप र अधर्मको ज्यादतिले गर्दा परमेश्वरले सिधै मानिसहरूलाई दण्ड दिनुपर्ने वाध्यता भएको कथाहरू बाइबलमा उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। तर परमेश्वरको मार्गमा हिंडेर उहाँमाथि विश्वासमा अडिग हुनेहरूलाई उहाँले आशिषहरू दिनुभएको थियो भनेर पनि बाइबलमा उल्लेख गरिएको छ। धेरै जसो ती कथाहरू अय्यूबका उल्लेख गरेका पात्रहरू मरेको धेरै वर्षपछि लेखिएका थिए।**

परमेश्वरको असली स्वभाव प्रदर्शन गरेर उहाँको मार्गमा हिंड्नेहरूलाई कस्तो महान् प्रतिज्ञा व्यवस्था ६:२४,२५मा दिएको छ? हेर्नुहोस्:

"२४ परमप्रभुले नै हामीलाई यी सबै विधि पालन गर्ने र परमप्रभु हाम्रा परमेश्वरको भय मान्ने आदेश दिनुभएको हो, ताकि हाम्रो निरन्तर हित होस्, र आज पर्यन्तझैं हाम्रो जीवनको पनि रक्षा होस्। २५ उहाँका आदेशबमोजिम उहाँको दृष्टिअगि परमप्रभु हाम्रा परमेश्वरका यस सारा व्यवस्था पालन गर्न हामी होशियार भयौं भने, त्यही नै हाम्रो धार्मिकता हुनेछ।"

आफ्नै हितको निम्ति यदि परमेश्वरका जनहरूले उहाँको निर्देशन पालन गरेर चले भने उहाँले आशिष र इनामहरू सिधै प्रदान गर्नुहुनेछ भन्ने धेरै वाचाहरू बाइबलमा जताततै भरिएका छन्। त्यसकारण, यदि परमेश्वरलाई मानेर उहाँका आज्ञाहरू पालन गरे भने मानिसहरूको बफादारितालाई उहाँले आशिष दिनुहुनेछ भनेर अय्यूबका मित्रहरूले व्यक्त गरेका भनाईहरू सावित भएको बाइबलमा उल्लेखित बिभिन्न उदाहरणहरूले देखाउँदछन्। जो मानिसहरू उचित, धार्मिक, न्यायप्रेमी र परमेश्वरको चरित्रलाई प्रतिबिम्ब बनाइ जिउन खोज्दछन् तिनीहरूलाई परमेश्वरले आशिष दिनुहुने कुरामा कुनै शङ्का छैन।

तर जो मानिसहरू उच्छिङ्खल भएर परमेश्वरको निर्देशन अनुसार उचित जीवन यापन गर्न चाहन्दैन तिनीहरूलाई परमेश्वरले दण्ड दिनुहुनेछ भनेर धेरै चेतावनीहरू पनि पुरानो करारमा लेखिएका छन्। परमेश्वरले इस्राएली वा यहूदी जातिहरूसँग सिनैको पहाडमा करार बाँध्नुभएको थियो भनेर पुरानो करारले बताउँछ। तर यदि तिनीहरूले त्यो करार भङ्ग गरेर जथाभावी हिँड्यो भने के हुनेछ भनेर पनि परमेश्वरले सतर्क गराउनुभएको थियो। "२० शमूएलले मानिसहरूलाई भने, "नडराओ। तिमीहरू यस्ता दुष्ट भए तापनि परमप्रभुको आराधना गर्न नछोड़, तर आफ्नो पूरा हृदयले उहाँको सेवा गर। २१ व्यर्थका देवताहरू पछि नलाग, जसले न त सहायता गर्न सक्छन् न बचाउन सक्छन्, किनभने तिनीहरू व्यर्थ हुन्। २२ आफ्नो महान् नाउँको खातिर परमप्रभुले तिमीहरूलाई त्याग्नुहुनेछैन, किनभने उहाँले तिमीहरूलाई आफ्नै निज प्रजा तुल्याउने निश्चय गर्नुभएको छ। २३ तिमीहरूका निम्ति प्रार्थना गर्न छोड़ेर परमप्रभुको अगि पाप गर्ने दिनचाहिँ मबाट परै रहोस्। जे ठीक र असल छ सो म तिमीहरूलाई देखाउनेछु। २४ तिमीहरूले परमप्रभुको श्रद्धा गर र तिमीहरूका पूरा हृदयले ईमानदारीसित उहाँको सेवा गर। तिमीहरूका निम्ति उहाँले कस्तो ठूलो काम गर्नुभएको छ, सो विचार गर। २५ तर तिमीहरूले खराबी नै गरिरह्यौ भने, तिमीहरू र तिमीहरूका राजा नष्ट हुनेछौ।"

दुष्ट तथा पापसँग डुब्न चाहने मानिसहरूलाई परमेश्वरले ल्याउने उचित दण्ड वा न्याय कुनै मनगढन्ते नभएर वास्तविक नै हुन् भनेर गन्ती १६ले कसरि स्पष्ट पारेको छ? हेर्नुहोस्, "१ लेवीका पनाति, कहातका नाति, यिसहारका छोरा कोरह, र साथै रूबेनको कुलका एलीआबका छोराहरू दातान र अबीराम, अनि पेलेथका छोरा ओन अटेरी भए। २ अनि उनीहरू इस्राएलीहरूका केही मानिसहरू, अर्थात् सभामा बोलाइएका, समुदायमा नाउँ चलेका दुई सय पचास नेताहरूसित मोशाको विरुद्धमा खड़ा भए। ३ उनीहरू मोशा र हारूनका विरुद्धमा जम्मा भई तिनीहरूलाई भने, "तपाईंहरूले अति गर्नुभयो! समुदायका सबै जना पवित्र छन्, र परमप्रभु तिनीहरूका बीचमा हुनुहुन्छ। तपाईंहरू किन आफूलाई सबैभन्दा उच्च तुल्याउनुहुन्छ?" ४ यो कुरा सुन्ने बित्तिकै मोशा घोप्टो परे। ५ अनि तिनले कोरह र उनका सब दललाई यसो भने, "भोलि बिहान को उहाँको हो, को पवित्र छ, र कसलाई उहाँले आफ्नो नजिक आउन दिनुहुन्छ सो परमप्रभुले नै देखाइदिनुहुन्छ। जसलाई उहाँले चुन्नुहुन्छ, त्यसलाई आफ्नो नजिक आउन दिनुहुन्छ। ६ ए कोरह, यसो गर, तिमी र तिम्रा सबै दलले धुपौराहरू लेओ। ७ भोलि परमप्रभुको सामुन्ने तिनमा आगो र धूप राखून्। जसलाई परमप्रभुले चुन्नुहुन्छ, त्यही पवित्र हुनेछ। हे लेवीहरू हो, तिमीहरू बढ्ता भयो'!" ८ तब मोशाले कोरहलाई भने, "ए लेवीहरू हो, सुन। ९ इस्राएलका परमेश्वरले आफ्नो पवित्र वासस्थानमा काम गर्न र समुदायको अगि सेवा गर्न तिमीहरूलाई उहाँको नजिकै ल्याएर इस्राएलको समुदायबाट तिमीहरूलाई नै चुन्नुभएको के तिमीहरूले ठट्टा सम्झेका छौ? १० उहाँले तिमीसँगै तिम्रा दाजुभाइ लेवीहरूलाई नजिक ल्याउनुभएको छ। अब के तिमीहरूले पूजाहारीपद पनि खोज्छौ? ११ तिम्रा सबै साथीहरूसहित तिमी परमप्रभुको विरुद्धमा भेला भएका छौ? हारूनचाहिँ को हो, र तिमीहरू तिनको विरुद्धमा गनगनाउँछौ?"

१२ तब मोशाले एलीआबका छोराहरू दातान र अबीरामलाई बोलाउन पठाए। तर उनीहरूले भने, "हामी आउँदैनौं। १३ हामीहरूलाई दूध र मह बग्ने देशबाट उजाड़-स्थानमा मर्न ल्याउनुभएको के तपाईंलाई पुगेन र? फेरि तपाईं हामीमाथि प्रभुत्व पनि गर्न खोज्नुहुन्छ? १४ तपाईंले हामीलाई न त दूध र मह बग्ने देशमै ल्याउनुभयो, न हामीलाई खेत र दाखबारीहरूको अधिकार दिनुभयो। के तपाईं यी मानिसहरूका आँखा निकाल्न चाहनुहुन्छ? हामी पटक्कै आउँदैनौं।" १५ तब मोशाले ज्यादै रिसाएर परमप्रभुलाई भने, "उनीहरूको बलि ग्रहण नगर्नुहोस्। मैले उनीहरूको एउटा गधासम्म पनि लिएको छैनँ। उनीहरू

कसैको हानि पनि गरेको छैनँ।" १६ मोशाले कोरहलाई भने, "तिमी र तिम्रा
सबै दल र हारून पनि भोलि परमप्रभुको सामुन्ने आओ। १७ तिमीहरू
हरेकले आ-आफ्नो धुपौरो लिएर त्यसमा धूप हाल, र हरेकले आ-आफ्नो
धुपौरो, अर्थात् दुई सय पचास धुपौरा परमप्रभुको सामु ल्याओ। हारून र
तिमीले पनि आ-आफ्नो धुपौरो ल्याउनू।" १८ यसैकारण उनीहरू हरेकले
आफ्नो-आफ्नो धुपौरो लिएर तिनमा आगो सल्काएर धूप हाले। अनि उनीहरू
मोशा र हारूनका साथमा भेट हुने पालको ढोकामा खड़ा भए। १९ जब
कोरहले आफ्ना सबै दल तिनीहरूका विरुद्धमा भेट हुने पालको ढोकामा जम्मा
गरे, तब परमप्रभुको महिमा सिङ्गै समुदायकहाँ देखा पर्‍यो। २० परमप्रभुले
मोशा र हारूनलाई भन्नुभयो, २१ "यस समुदायबाट तिमीहरू अलग होओ, र म
एक पलमा यिनीहरूलाई भस्म पार्नेछु।" २२ तब घोप्टो परेर मोशा र हारूनले
भने, "हे परमेश्‍वर, सारा मानव-जातिका आत्माका परमेश्‍वर, एक जना मानिसले
पाप गरेकोमा के तपाईं सारा समुदायसित क्रोधित हुनुहुन्छ?" २३ तब
परमप्रभुले मोशालाई भन्नुभयो, २४ "यस समुदायलाई यसो भन्, 'कोरह, दातान
र अबीरामका पालका छेउछाउबाट पर हट'।" २५ मोशा उठेर दातान र
अबीरामकहाँ गए, र इस्राएलका धर्म-गुरुहरू पनि तिनको पछि लागे। २६
समुदायलाई तिनले सावधान गराए, "यी दुष्ट मानिसहरूका पालबाट दूर हट, र
यिनीहरूका केही कुरा पनि नछोओ, नत्रता यिनीहरूका सब पापले गर्दा
तिमीहरू पनि भस्म हुनेछौ।" २७ यसैले कोरह, दातान र अबीरामका पालका
छेउछाउबाट तिनीहरू निस्के। दातान र अबीराम उनीहरूका जहान र
बालबच्चाका साथमा आफ्नो-आफ्नो पालका ढोकामा उभिए। २८ तब मोशाले
भने, "यसबाट तिमीहरूले थाहा पाउनेछौ, कि यी सबै काम गर्नलाई परमप्रभुले
मलाई पठाउनुभएको हो, र मैले यी आफ्नै राजीखुशीले गरेको होइनँ। २९
यदि यी मानिसहरू पनि सबै अन्य मानिसझैं स्वाभाविक मृत्युले मर्छन् भने,
परमप्रभुले मलाई पठाउनुभएको होइन। ३० तर यदि परमप्रभुले अनौठो काम
गर्नुहुन्छ र धरती फाटेर यिनीहरूका सबै थोकसमेत यिनीहरू जिउँदै चिहानमा
पुरिन्छन् भने, यी मानिसहरूले परमप्रभुलाई तुच्छ ठानेका नै रहेछन् भनी
तिमीहरूले थाहा पाउनेछौ।" ३१ तिनले यी सबै कुरा भनिसकेका मात्र थिए,
उनीहरूमुनिको धरती फाट्यो। ३२ अनि धरतीले आफ्नो मुख बाएर उनीहरू
र उनीहरूका घरानाहरू– कोरहतर्फका सबै मानिसहरू– उनीहरूका
मालतालसमेतलाई निलिहाल्यो। ३३ आफ्ना सबै कुरासमेत उनीहरू जिउँदै
चिहानमा पुरिए। धरती उनीहरूमाथि बन्द भयो, र समुदायको बीचबाट उनीहरू

नष्ट भए। ३४ उनीहरू चिच्च्याएका सुनेर वरिपरिका सबै इस्राएलीहरूले भाग्दै यसो भन्न लागे, "हामीलाई पनि धरतीले अब निल्छ होला।" ३५ अनि परमप्रभुकहाँबाट आगो निस्केर धूप चढ़ाउने ती दुई सय पचास जनालाई भस्म पाऱ्यो। ३६ परमप्रभुले मोशालाई भन्नुभयो, ३७ "हारून पूजाहारीको छोरो एलाजारलाई जलिरहेको ज्वालाबाट धुपौराहरू निकाल्न र फिलिङ्गा निकै टाढ़ा लगेर छरिदिनलाई अह्रा। किनभने ती धुपौराहरू पवित्र छन्– ३८ ती आफ्नै प्राणको हानि गरुञ्जेल पाप गर्नेहरूका धुपौराहरू। ती धुपौराहरूबाट वेदी मोहोर्ने पाताहरू पिटेर बनाउनू, किनभने ती परमप्रभुको सामु चढ़ाएका हुनाले पवित्र छन्। ती पाताहरूचाहिँ इस्राएलीहरूका निम्ति चिन्ह होऊन्।" ३९ तब एलाजार पूजाहारीले ती भस्म हुनेहरूले चढ़ाएका काँसाका धुपौराहरू लिए, र पिटेर वेदी मोहोर्ने पाता बनाए, ४० जस्तो परमप्रभुले एलाजारलाई मोशाद्वारा भन्नुभएको थियो। हारूनका सन्तानबाहेक कोही अन्य मानिस धूप बाल्न नजिक नआओस् भनी होशियार गराउन इस्राएलीहरूलाई यो सब भएको थियो, नत्रता त्यो पनि कोरह र उनको दलजस्तै हुनेछ। ४१ भोलिपल्ट इस्राएलीहरूका जम्मै समुदायले मोशा र हारूनका विरुद्धमा यसो भनेर गनगनाए, "तपाईंहरूले नै परमप्रभुका मानिसहरूलाई मार्नुभएको हो।" ४२ तर जब समुदायले मोशा र हारूनका विरुद्धमा भेला भई भेट हुने पालतिर हेरे, तब अचानक बादलले त्यसलाई ढाक्यो, र परमप्रभुको महिमा देखा पऱ्यो। ४३ मोशा र हारून भेट हुने पालको अगि गए, ४४ अनि परमप्रभुले मोशालाई भन्नुभयो, ४५ "तिमीहरूचाहिँ यस समुदायबाट पर हटिजाओ, र म यिनीहरूलाई पलभरमा भस्म पार्नेछु।" तब तिनीहरू घोप्टो परे। ४६ अनि मोशाले हारूनलाई भने, "तपाईंको धुपौरो लिनुहोस्, र त्यसमा वेदीबाट आगो राखेर धूप हाल्नुहोस्, र तुरुन्तै त्यस समुदायकहाँ लगेर तिनीहरूका निम्ति प्रायश्चित गर्नुहोस्, किनकि परमप्रभुको क्रोध दन्किसकेको छ– विपत्ति सुरु भएको छ।" ४७ तब मोशाले भनेझैं हारून धुपौरो लिएर समुदायको माझमा दौड़ेर गए। विपत्ति मानिसहरूका बीचमा आइसकेको थियो, तर तिनले धूप हालेर मानिसहरूका निम्ति प्रायश्चित गरे। ४८ तिनी मरेका र जिउँदाहरूका बीचमा खड़ा भए, र विपत्ति थामियो। ४९ कोरहको घटनामा मरेकाबाहेक त्यस बेला विपत्तिले मरेकाहरू चौध हजार सात सय थिए। ५० विपत्ति थामिएपछि हारून भेट हुने पालमा मोशाकहाँ फर्के।"

मोशाको बिरुद्धमा जाने बिरोधीहरूको नाश भएको थियो। तिनीहरूको सजायँ पनि भयानक थियो। "पापको सजायँ पापैबाट आउँछ" भन्ने कथन

असान्दर्भिक भएको उपरोक्त घट्नाले छर्लङ्ग पार्दछ। पाप र परमेश्वरको खिलाफमा बिद्रोह गर्ने ती परमेश्वरका जन भनाउँदाहरूले उहाँबाट उचित दण्ड पाएका थिए। यस घट्नामा परमेश्वरको असाधारण शक्तिका उदाहरणहरू हामी पाउँछौं। तत्कालै प्रकृतिका नियमहरू पनि परमेश्वरको सामु परिवर्तन हुनुपरेको देखिएको थियो। "परमेश्वरले नयाँ अद्भूत काम पूरै गरेर देखाउनुहुनेछ। जमिन फाटेर ती विद्रोहीहरूलाई निलि दिनेछ। तिनीहरूको जायजेथा सबै तिनीहरूसँगै नाश हुनेछ। तिनीहरू जिउँदै चिहानमा जानेछ। जब त्यसो भएको तिमीहरूले देख्नेछौ तब तिमीहरूले यो थाहा पाउनु कि ती मानिसहरूले परमेश्वरको उपहास गरेका थिए।" (गन्ती १६:३० रूपान्तरित)।

**यहाँ परमेश्वरले गर्नुहुने काम कामको व्याख्या गर्न जुन् क्रियापद प्रयोग गरिएको थियो त्यही क्रियापद उत्पत्ति १:१मा उहाँको सृजनात्मक कामलाई वर्णन गरिएको थियो। बिद्रोहीहरूलाई दिने सिधा र द्रुतरूमा द्ण्डको प्रवन्ध आफैले गर्नुहुनेछ भनेर सबैले थाहा पाउन् भन्ने परमेश्वरको चाहना थियो भनेर उपरोक्त घट्नाले देखाउँदछ।**

## ५. दोस्रो मृत्यु (२ पत्रुस ३:५-७)

**निःसन्देह, परमेश्वरले ल्याउने अत्यन्त ठूलो र शक्तिशाली न्याय त्यसबेला हुनेछ जब यस संसारको अन्त हुन्छ। त्यसबेला सारा दुष्टहरूको सखाप हुनेछ। बाइबलले त्यसलाई दोस्रो मृत्यु भनेर सम्बोधन गर्दछ (प्रकाश २०:१४)। यो मृत्युसँग त्यो मृत्युको बारेमा मानिसहरू अन्यौल हुनुहुन्दैन जुन् पापको कारणले आदमदेखि संसारको अन्तसम्म रहेका मानिसहरूको प्राकृतिक मृत्यु। ठ्याक्कै अन्तको समयमा धर्मी जनहरूले त्यस प्रथम् मृत्यु खप्नु नपर्ने पनि हुन्छ किनभने दोस्रो आदम अर्थात् येशू ख्रीष्टले तिनीहरूलाई जीवितै उद्धार गर्नुहुनेछ (१ कोरन्थी १५:२६)।**

**दोस्रो मृत्युचाहीँ पुरानो करारमा परमेश्वरले ल्याउनुभएको केही उचित दण्ड जस्तो हो। त्यो त्यस पापीहरूको निम्ति हो जो कि आफ्ना दुष्ट कामहरूदेखि फर्केर असल जीवन बिताउन चाहन्दैनन् र येशूले प्रदान गर्नुभएको मुक्तिलाई ग्रहण गर्न जानाजानी अस्वीकार गर्दछन्।**

परमेश्वरबाट अलग भएर बस्न रुचाउनेहरूको अन्तिम अन्त कसरी हुनेछ भनेर २ पत्रुस ३:५-७ले कसरी खुलासा गरिएको छ? हेर्नुहोस्: "५ जानी-बुझिकन पनि तिनीहरू यस कुराको वास्ता गर्दैनन्, कि परमेश्वरको

वचनद्वारा स्वर्गहरू अघिदेखि नै थिए, र पृथ्वीचाहिँ पानीबाट र पानीद्वारा नै बनाइयो। ६ त्यही पानीबाट त्यस समयको संसार जलप्रलयमा डुबेर नष्ट भयो। ७ तर त्यही वचनले भक्तिहीन मानिसको इन्साफ र विनाशका दिनसम्मको लागि अहिलेको आकाश र पृथ्वी आगोको निम्ति साँचिराखिएका छन्।"

"स्वर्गबाट परमेश्वरले आगो बर्षाउनुहुन्छ। पृथ्वीका सारा जमिन फाटिनेछ। जमिनभित्र गहिरो ठाउँहरूमा लुकाइ राखेका हाथहथियारहरू बाहिर सतहमा बग्नेछ। जमिनको प्रत्येक प्वालबाट आगोको मुस्लो फुटेर आउनेछ। पत्यरहरूसमेत आगोले दन्किनेछ। सारा पृथ्वी आगोको भट्टी जस्तै जल्नेछ। पृथ्वी, त्यहाँ भएका यावत थोकहरू र मानव गौरबका सबै कामहरू भष्म हुनेछ। (मलाकी ४:१, २ पत्रुस ३:१०)। सारा पृथ्वी आगोले दनदन जलिरहेको भयानक कुण्ड जस्तो हुनेछ। ईश्वरबिहिन मानिसहरूको न्याय र सर्वनाशको समय त्यसबेला हुनेछ। इडोमले (परमेश्वरको विधिको शासनको बिरुद्धमा जाने जातिको प्रतिक) अपनाएको नितिको खिलाफमा परमेश्वरले दिन छुट्याउनुभएको छ। सियोन शहरलाई जे गऱ्यो त्यसको बदला लिन परमेश्वरले एउटा वर्ष छुट्याउनुभएको छ (यशैया ३४:८ रूपान्तरित)।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ६७२,६७३बाट रूपान्तरित।

हो, आफूले गरेको पापको फलको दण्ड पापीमा आउन त आउँछ। तर त्यो समय निश्चित छ जुन् बेला पाप र पापीहरूलाई परमेश्वर आफैले सिधै दण्ड दिनुहुनेछ। परमेश्वरको त्यो कामलाई अय्यूबका साथीहरूले दावीसाथ भनेका थिए। यस संसारमा भएका सबै दुःखकष्ट र पीडाहरू पापले गर्दा आएका हुन् भन्ने कुरा सत्य हो। तर यो पनि मान्नुपर्छ कि सबै दुःखकष्ट र पीडाहरू पापको ज्यादतिले गर्दा परमेश्वरले ल्याउनुभएको दण्ड होइन। त्यसको प्रमाण हामीले अय्यूबको मामिलामा हेऱ्यौं। त्यसरी नै अरूको मामिलामा पनि हुनसक्छ। परमेश्वर र शैतानको बीचमा भइरहेको युद्धमा हामी समाबेस भइरहेको तथ्यलाई हामीले बिर्सनुहुन्न। हामीहरूलाई हानी गर्न हामीहरूको शत्रु सक्रिय छ। तर सुसमाचार त यो छ कि हामीहरूको पक्षमा परमेश्वर हुनुहुन्छ। हामीले सामना गर्ने समस्या र दुःखकष्टहरूका कारणहरू छन्। तर परमेश्वरको प्रेमले लादिएका अनेकौं वाचाहरू हामीमा छ। त्यो प्रेम कति महान् छ भने त्यो देखाउन येशू हाम्रो निम्ति क्रुसको पीडा भोग्नुभयो। उहाँको त्यस कामले मात्र एक दिन सबै दुःखकष्टको हरण हुनेछ प्रतिज्ञाको प्रतिक्षामा हामी रहनसक्छौं।

**कोही मानिस दुःख पाइरहेको छ भने त्यो परमेश्वरबाट सिधै आएको दण्ड हो भन्ने आँट गर्न के हामीमा खुबी छ? त्यो खुबी हामीमा नभएको कारणले कोही मानिस कष्ट पाइरहेको छ भने त्यसलाई हामीले कसरी सम्हालेर सान्त्वना दिने? हामीहरू आफैले भोगिरहेका समस्या र पीडा पनि परमेश्वरबाट आएको दण्ड नहुनसक्छ भनेर कसरी चित्त बुझाउने?**

## उपसंहारः

थप जानकारीः जब अय्यूबको पुस्तक हामी पढ्छौं तब अय्यूब र उनका मित्रहरूको ठाउँमा हामीहरू राख्न कोशिस गर्नुपर्छ भनेर यस पुस्तकको सुरूसुरूमा उल्लेख गरिएको थियो। हामीले त्यसो गर्न सक्यौं भने हामीहरूले तिनीहरूको भावना, तर्क, चलिरहेको लोक धारणा र तिनीहरूको कामको बारेमा हामी बुझ्न सक्ने हुन्छौं। तर हामीहरूलाई थाहा भएको अनुसार स्वर्गमा भइरहेको संग्रामको बारेमा तिनीहरूलाई थाहा थिएन। यदि हामीहरूले एलिपज, बिल्दद र सोफरको जुत्ताहरूमा हामीहरूको खुट्टा हालेर तिनीहरूले सोचेको जस्तै सोच्यौं भने तिनीहरूले अय्यूबको कष्टको मामिलामा गलत निश्कर्ष किन निकाल्यो होला भनेर बुझ्न त्यति गाऱ्हो पर्दैन। अय्यूबको खिलाफमा तिनीहरूले गर्नु नहुने आलोचना गरिरहेका थिए।

"मानिसलाई आतङ्कित पार्ने घट्नाहरू ठूलो अपराध र नराम्रो कामको परिणाम हो भनेर सोच्नु मानविय स्वभावको परिणाम हो। तर कतिपय समयमा कसैको चरित्रलाई जोख्नुपर्दा मानिसहरूले भुल गरेका हुन्छन्। परमेश्वरले ल्याउने उचित न्यायको समयमा हामी रहिरहेका छैनौं। असर र खराब मिसिएको छ र नराम्रो घट्नाहरू सबैमाथि आइपर्छ। कतिपय समयमा मानिसहरू परमेश्वरको सुरक्षात्मक परिधिभन्दा बाहिर पर्न जान्छन्। अनि शैतानले आफ्नो आधिपत्य तिनीहरूमाथि जमाउँछन् र त्यसमा परमेश्वरले हस्तक्षेप गर्नुहुन्न। अय्यूब भयानक तरिकाले दुःखकष्ट पाएका थिए। उनको दुःख उनको पापले गर्दा आएको हो र उनकै पापले यस्तो ठूलो दुःखमा उनी पर्न गयो भन्ने कुराको स्वीकार उनले गरोस् भनेर उनका साथीहरूले जिकिर गरेका थिए। अय्यूबको मित्रहरूले उनी महापापी हुन् भनेर मूल्याङ्कन गरेका थिए। तर अय्यूबको मामिलामा तिनीहरूले गरेको आलोचना वा न्यायप्रति परमेश्वर प्रसन्न हुनुभएको थिएन।"-एलेन जी ह्वाइट, द एसडिए कमेन्टरी, ठेली ३, पृ. ११४०बाट रूपान्तरित।

मानिसले पाउने दुःखकष्टको बारेमा छलफल गर्दा हामी धेरै सतर्क हुनुपर्छ। हो, कतिपय समयमा कोही किन दुःख पायो भनेर बुझ्न त्यति गाऱ्हो नहोला। उदाहरणमा कतिपय मानिसहरू चुरोट पिएर फोक्सोको क्यान्सर हुन्छ, तर प्रायजसो हुन्छ नै, त्यस अवस्थामा उनको क्यान्सरको कारण हामीलाई थाहा होला। तर फेरि कतिपय मानिसहरू जिन्दगीभर चुरोट खान्छन् तर क्यान्सरचाहीँ कहिलै नभएको त्यसको बारेमा हामीले के भन्ने? के परमेश्वरले एक जनालाईचाहीँ दण्ड दिनुहुन्छ र अर्कोलाईचाहीँ नदिनुभएको? साँच्चिकै भनौं भने अय्यूब र उनका मित्रहरू एलिपज, बिल्दद र सोफरलाई थाहा नभएको जस्तो मानिसहरू किन दुःख पाउँछन् भन्ने कारण हामीहरूलाई थाहा नै छ भन्न सक्दैनौं। तर परमेश्वरमा भरोसा राखेर हिँड्छौं भने त्यस मामिलामा हामीलाई बिचलित बनाउनु हुँदैन। तर जब हामी वा अरू कोही दुःखकष्टमा झेलिरहेकाछौं वा झेलिरहेको छ भने त्यसलाई साम्य पार्न वा राहत दिन हामीले के गर्न सक्छौं भन्ने कुराको याद गर्नु जरुरत पर्छ। त्यस मामिलामा अय्यूबका तिन जना साथीहरू पूर्णरूपमा गलत निति लिएका प्रमाणित हुन्छ।

**चिन्तनमनन:**

अ. **परमेश्वरले न्यायोचित ढङ्गमा न्याय गर्नुहुन्छ भनेर हामीलाई थाहा छ भने जेभएतापनि उहाँमाथि हामी भरोसा राख्न सक्छौं भनेर कसरी सिक्ने?**

आ. **अय्यूब किन दुःख र पीडामा छ भन्ने मामिलामा उनका तिन जना मित्रहरूलाई केही थाहा नभएको साबितै छ। कतिपय समयमा के त्यस मामिलामा हामी पनि त्यसरी नै सहभागी भइरहेका छैनौं र? मानिसहरू किन दुःख पाउँछन् भन्ने कुरो पूरा हामीलाई थाहा छैन। त्यसकारण अय्यूबको मामिलामा ध्यान दिँदा दुःख पाइरहने मानिसहरूप्रति हामी अझ संवेदनशील र दयालु हुन सिक्नु हुँदैन र? कोही मानिस दुःख पायो भने त्यसको असली कारण हामीलाई थाहा छ भनेर दावी गर्ने खुबी हामीमा के छ र?**